नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

प. सं.- ०८१/०८२ च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागबाट राजस्व अनुसन्धान कार्यालय, बुटवलमार्फत प्रतिवादीहरु शशांक खनाल र रमेश गौतम विरुद्ध राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित गरेको कार्य गरी ऐ. ऐनको दफा ४ बमोजिमको कसुर गरेको अभियोगमा मिति २०८१।११।१३ मा सम्मानित उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा अभियोग पत्र दायर गरिएको छ ।

उल्लिखित प्रतिवादीहरुमध्ये जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका, वडा नं. ०१, बेलहिया बस्ने वर्ष ३३ को शशांक खनालले बिनास्रोतका ईम्पोर्टेड व्हिस्की (नेपालमा उत्पादन नहुने) लगायतका मदिराका ढक्कन (क्राउन कर्क) र अन्य सामग्री चोरी तस्करी गरेको साथै उक्त सामग्रीको कानुनी प्रयोगको कुनै आधार, कारण प्रमाण पेश गर्न नसकेको र भन्सार चोरीपैठारी गरेका मालवस्तुको कारोबार गरी भन्सार महसुल, मू.अ.कर तथा अन्तःशुल्क लगायत राजस्व चुहावट गरेको कसुरका सम्वन्धमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी दफा ४ को खण्ड (छ) र (झ) बमोजिम कसूर गरेको पुष्टि हुन आएकाले उक्त राजस्व चुहावटको प्रकृति, गाम्भिर्यता तथा राजस्व चुहावट भएको रकम समेतलाई मध्यनजर गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम बिगो रु.१,३०,२७,२९०।—(एक करोड तीस लाख सत्ताइस हजार दुईसय नब्बे) कायम गरी सोही ऐनको दफा २३(१) बमोजिम बिगो रु.१,३०,२७,२९०।—(एक करोड तीस लाख सत्ताईस हजार दुई सय नब्बे) असुल गरी बिगोको शतप्रतिशत रकम रु.१,३०,२७,२९०।—(एक करोड तीस लाख सत्ताईस हजार दुई सय नब्बे) जरिवाना हुन र सोही ऐनको दफा २३(१)(ख) बमोजिम हदैसम्म कैद सजाय हुन मागदावी लिइएको छ ।

त्यसैगरी उक्त मुद्दामा संलग्न भएका अर्का प्रतिवादी जिल्ला काभ्रपलाञ्चोक, चौरीदेउराली गा.पा. वडा नं ०४ स्थायी ठेगाना भई हाल काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार बस्ने वर्ष ४५ का रमेश गौतमले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी दफा ४ को खण्ड (छ) र (झ) बमोजिम कसूर गरेको पुष्टि हुन आएकाले उक्त राजस्व चुहावटको प्रकृति, गाम्भीर्यता तथा राजस्व चुहावट भएको रकम समेतलाई मध्यनजर गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम बिगो रु.१,३०,२७,२९०।—(एक करोड तीस लाख सत्ताइस हजार दुईसय नब्बे) कायम गरी सोही ऐनको दफा २३(१) बमोजिम बिगो रु.१,३०,२७,२९०।—(एक करोड तीस लाख सत्ताइस हजार दुई सय नब्बे) असुल गरी बिगोको शतप्रतिशत रकम रु.१,३०,२७,२९०।—(एक करोड तीस लाख सत्ताइस हजार दुई सय नब्बे) जरिबाना हुन र सोही ऐनको दफा २३(१)(ख) बमोजिम हदैसम्म कैद सजाय हुन मागदावी लिई अभियोगपत्र दायर गरिएको छ ।

अतः प्रस्तुत मुद्दामा दुवै प्रतिवादीहरुबाट जम्मा रु. २,६०,५४,५८०/- (दुई करोड साठी लाख चौवन्न हजार पाँच सय असी बिगो र शतप्रतिशत जरिवाना गरी कुल जम्मा रु. ५,२१,०९,१६०/- को मागदाबी लिई अभियोगपत्र दायर गरिएको छ ।

२०८१.११.१३

(कृष्ण कुमारी श्रेष्ठ)

उपमहानिर्देशक/प्रवक्ता